# Synopsis

## Faecal Sludge Management (FSM) By-Laws

Mahalaxmi Municipality, Lalitpur

## What is FSM By-Laws?

Access to safe water and sanitation has been included as a fundamental right in the New Constitution of Nepal (2015). However, the haphazard disposal and unsafe management of faecal sludge generated from onsite sanitation system have polluted water bodies and environment posing a threat to the public health. In this context, this Faecal Sludge Management (FSM) By-Laws is the By-Laws developed by Mahalaxmi Municipality, Lalitpur for the safe management of faecal sludge in the municipality. Mahalaxmi Municipality, Lalitpur approved this FSM By-Laws through its 7th Council Meet held on 11 March 2020.

## Why FSM By-Laws?

In accordance with the provisions made in: (a) Clause Jha (1), pg 23: Formulating policy, Act, standards, planning, implementation and regulation, Local Governance Operation Act (2074), and (b) Clause 8 (2) Ga, pg 6, Roles and Responsibilities, Water and Sanitation Bill (in parliament), Mahalaxmi Municipality, Lalitpur approved and issued this By-Laws for application throughout the Municipality for safe management of faecal sludge. To contribute to the realization of the municipality's vision of "A clean, hygienic, prosperous and beautiful city", sanitation services shall be operationalized and regulated as per this By-Laws for the safe management of on-site domestic sanitary waste thereby reducing risk to the public health and the environment.



महालक्ष्मी राजपत्र

खण्ड : ३ संख्या: १५, मिति २०७६/१२/२

भाग-१

महालक्ष्मी नगरपालिका

महालक्ष्मी नगरकार्यपालिकाद्वारा प्रकाशित

मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियम, २०७६

www.mahalaxmimun.gov.np/ne

## What are included and not included in FSM By-Laws?

### What are included?

The scope of this By-Laws is primarily limited to non-sewered, on-site sanitation and includes:

- Safe collection, treatment and disposal and/or reuse of faecal sludge management to an accepted standard, and
- The promotion of appropriate practices for faecal sludge management.

### What are not included?

This By-Laws does not cover solid waste disposal, sewered sanitation, surface water runoff, industrial discharges requiring specialized treatment for animal wastes from domestic or commercial farming.




Sanitation Service Chain

ENPHO Creating Eco Societies

BILL & MELINDA GATES foundation

# Provisions Included In FSM By-Laws

## Provision for Containment



- Septage should be treated at the septic tanks, stabilized pond or other technology approved by the concerned authority;
- All applications for new house permits shall include design of the standard septic tank or improved technology. Otherwise, no building permit shall be issued for new house or building;
- Existing structures shall have to mandatorily upgrade their existing septic tanks to the standard septic tanks within their premises.

## Provision for Desludging and Transportation



- Septic tanks must be desludged at least once every three years;
- The transport vehicle for the faecal sludge shall be of standard quality with visible logo stating the purpose and fitted with tracking system;
- The faecal sludge should be disposed at designated treatment plant or approved sites;
- Desludgers should adopt best practices for health and safety of the public and workers.

## Provision for Treatment, Disposal and Reuse



- In accordance with NS/ISO 24521 guidelines and FSM Institutional and Regulatory Framework, the Municipality shall construct and operate a faecal sludge treatment plant;
- The Municipality shall undertake operation, maintenance and periodic inspection of the faecal sludge treatment plant;
- The Municipality shall operationalize public-private - NGO coordination, cooperation and partnership for the operation of the treatment plant and marketing of end-products.

## Service Charge

- The Municipality can materialize appropriate sanitation tax for the effective management of faecal sludge;
- The Municipality shall develop and operationalize a sustainable business model determining the fees payable for services and fees collection modality;
- The Municipality may establish a separate fund for the effective faecal sludge management and promotion and sustenance of sanitation service chain.

## Supervision and Monitoring

- The Municipality shall regularly supervise and monitor the compliance to the provisions of this By-Laws;
- The information to be collected and recorded will include sanitation situation analysis, documentation and its update; volume and quality of septage collected and treated; tanker logs and revenue and expenditure.

## Penalties

- Failure to comply with the provisions of this FSM By-Laws shall incur fines and penalties for violation.

ENPHO Creating Eco Societies

Environment and Public Health Organization
110/25 – Aadarsha Marg, New Baneshwor | P.O. Box 4102, Kathmandu, Nepal
Tel.: +977-1-5244641, 5244051 | Fax : +977-1-5244376
Email. enpho@enpho.org | web : www.enpho.org

# संक्षिप्त जानकारी

# महालक्ष्मी नगरपालिका, ललितपुरको मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियम

## मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियम के हो ?

स्थलगत मानव मलमूत्रीय फोहोरको सुरक्षित व्यवस्थापन मार्फत् विद्यमान् असुरक्षित सरसफाइका कारण स्थानीय जनस्वास्थ्य तथा वातावरणमा परिरहेको नकारात्मक असरलाई न्यूनीकरण गर्नका लागि तयार पारिएको विनियम नै मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियम हो । वि.सं. २०७६ साल चैत्र २ गते महालक्ष्मी नगरपालिकाको नगरसभाद्वारा पारित यस विनियम नै मानव मलमूत्रीय फोहोर व्यवस्थापनका लागि नेपालमा बनेको पहिलो विनियम हो । यस विनियमले महालक्ष्मी नगरपालिकाले बोकेको "स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर" उद्देश्य प्राप्तिमा थप टेवा मिल्ने विश्वास गरिएको छ ।

## मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियम किन ?

नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेका आधारभूत अधिकारहरू (जस्तै- प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच, प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गर्न एवम् उचित सरसफाइ विशेषतः मानव मलमूत्रीय फोहोरको असुरक्षित व्यवस्थापनको कारण जनस्वास्थ्य तथा वातवरणमा पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण) को सुनिश्चितता तथा विद्यमान् सरसफाइका सेवा र सुविधाहरूको व्यवस्थित सञ्चालन र नियमनको लागि महालक्ष्मी नगरपालिकाद्वारा "मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियम २०७६ तयार पारिएको हो ।


महालक्ष्मी राजपत्र

भाग-१

महालक्ष्मी नगरपालिका

महालक्ष्मी नगरकार्यपालिकाद्वारा प्रकाशित

मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियम, २०७६

www.mahalaxmimun.gov.np/ne

## मानव मलमूत्रीय फोहोर व्यवस्थापन विनियमले के समेट्दछ ?

यस विनियमले मुख्यतया ढल रहित सरसफाइ प्रणालीका सेवा र सुविधाहरूको समुचित व्यवस्थापनलाई समेट्दछ, जस अन्तर्गत सरसफाइका निम्न चरणहरू पर्दछन्:

- मानव मलमूत्रीय फोहोरको सुरक्षित भण्डारण, रित्याउने कार्य, ढुवानी, प्रशोधन तथा पुन प्रयोग वा सुरक्षित विसर्जन
- मानव मलमूत्रीय फोहोर व्यवस्थापनका उपयुक्त अभ्यासहरूको प्रवर्द्धन

## के समेट्दैन ?

यस विनियमले फोहोरमैलाको व्यवस्थापन, ढल सहित सरसफाइ प्रणाली, सतही पानीको व्यवस्थापनलाई समेट्दैन ।




सरसफाइ सेवा श्रृंखला

ENPHO Creating Eco Societies

BILL & MELINDA GATES foundation

# विनियममा भएका व्यवस्थाहरू

## भण्डारण प्रविधि सम्बन्धी व्यवस्था :



- ढलरहित सरसफाइ प्रणाली अपनाएका संरचनाहरूबाट निस्किने फोहोरपानीलाई नगरपालिकाले तोके बमोजिम वा सो भन्दा उच्चस्तरीय प्रमाणित प्रशोधन विधि वा प्रविधि मार्फत् अनिवार्य सुरक्षित संकलन गर्नुपर्ने ।
- सुरक्षित भण्डारणको हकमा नयाँ बन्ने संरचना र विद्यमान् संरचनाको लागि छुट्टाछुट्टै व्यवस्था हुनुपर्ने ।
- उचित प्रकारको सेप्टिक ट्यांकीको डिजाइनबारे स्पष्ट उल्लेख गर्नुपर्ने ।

## मानव मलमूत्रीय फोहोर रित्याउने र ढुवानी सम्बन्धी व्यवस्था :



- प्रत्येक सेप्टिक ट्यांकी हरेक तीन वर्षमा रित्याउनु पर्ने ।
- मानव मलमूत्रीय फोहोर ढुवानीमा प्रयोग हुने यातायातको साधन गुणस्तरयुक्त हुनुपर्ने ।
- सङ्कलित मानव मलमूत्रीय फोहरलाई नगरपालिकाद्वारा तोकिएको प्रशोधन केन्द्रमा विसजर्न गर्नुपर्ने अन्यथा नियमानुसार कारवाही गरिने ।
- सेवा प्रदायकले सर्वसाधारण र सफाइकर्मीको स्वास्थ्य र सुरक्षाको लागि उत्कृष्ट अभ्यास अवलम्बन गर्नपुर्ने ।

## प्रशोधन, विसर्जन र पुनः प्रयोग सम्बन्धी व्यवस्था :



- नगरपालिकाले घरेलु फोहोरपानी व्यवस्थापन सम्बन्धी NS/ISO 24521 निर्देशिका र मानव मलमूत्रीय फोहोर व्यवस्थापन सम्बन्धी संस्थागत र नियामक खाका बमोजिम प्रशोधन केन्द्र निर्माण र सचांलन गर्ने ।
- नियमित रूपमा प्रशोधन केन्द्रको कार्य क्षमता र संचालन प्रक्रियाको जाँचबुझ गरी प्रशोधन केन्द्रको नियमित मूल्याङ्कन गरी ममर्त् गर्ने गराउने ।
- प्रशोधन केन्द्र संचालन र यसबाट निस्काषित वस्तुको व्यवस्थापनको निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय गर्ने ।

## सेवा शुल्क सम्बन्धी व्यवस्थाः

- विभिन्न प्रयोजनको लागि बनाइएका संरचनाहरूबाट निस्किएको मानव मलमूत्रीय फोहोर व्यवस्थापनको लागि नगरपालिकाले आवश्यक सरसफाइ शुल्क लगाउन सक्नेछ ।
- नगरको मानव मलमूत्रीय फोहोर लगायत अन्य फोहोर व्यवस्थापनको लागि छुट्टै कोष खडा गर्न सक्नेछ ।

## सुपरीवेक्षण र मूल्यांकन

- यस विनियमको प्रावधान अनुरूप समग्र सरसफाइ श्रृंखलाको नियमित निरीक्षण एवम् मूल्याङक्न गर्ने ।
- नगरको सरसफाइ अवस्थाबारे नियमित अध्ययन, विश्लेषण, अभिलेखीकरण र अद्यावधिक गर्ने ।

## दण्ड जरिवाना

- यस विनियमको प्रावधान पालना नगरेमा जरिवाना र सजायको व्यवस्था ।
- संरचनाको प्रयोजनको आधारमा जरिवानाको व्यवस्था ।
- विनियमले तोके बमोजिम सेवा प्रदान नगर्ने सरसफाइ सेवा प्रदायकलाई जरिवानाको व्यवस्था ।

थप जानकारीका लागि

ENPHO
Creating Eco Societies

वातावरण र जनस्वास्थ्य संस्था (एन्फो)
आदर्श मार्ग, नयाँ बानेश्वर, काठमाडौं । पोष्ट बक्स : ४१०२ काठमाडौं, नेपाल
फोन : ०१-५२४४६४१ । फ्याक्स : ०१-५२४४३७६
इमेल : enpho@enpho.org । वेब साइट : www.enpho.org